# विगु गाउँपालिका

## लादुक, दोलखा

# आ.व. २०७६।०७७ को लागि वार्षिक नीति तथा कार्यक्रम

१० असार २०७६

विगु गाउँपालिकाको पाँचौ गाउँसभाका सभा अध्यक्षज्यु, उपस्थित सम्पुर्ण अतिथिगण, गाउँसभाका सदस्यहरु, सम्पुर्ण कर्मचारीहरु, पत्रकार मित्र  तथा उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु, म गाउँपालिका उपाध्यक्ष संजिव ओली यहाँहरुलाई हार्दिक नमस्कार, अभिबादन र स्वागत गर्न चाहन्छु । यस गाउँपालिको आ.व २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तृत गर्ने अनुमति चाहन्छु ।

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले ब्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । देशलाई यस स्थितिमा ल्याइ पुऱ्याउन आफनो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भूमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात ब्यक्ति र सहिदहरुलाई श्रदा सुमन ब्यक्त गर्न चाहन्छु । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैं बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

उपस्थित सम्पुर्ण गाउँसभा सदस्यज्युहरु,
अव म यस विगु गाउँपालिकाको चालु आ.व.को कार्य केही समिक्षा गर्न चाहन्छु ।

- करीव १०० किलोमिटर सडक स्तरोन्ती गरिएको छ । जसले गर्दा विगतको वर्षमा वर्षातको समयमा पनि संचालन हुन नसक्ने केही सडक वर्षातमा संचालन हुने अवस्थामा छ ।
- गाउँपालिका भित्र रहेका विभिन्न पर्यटन स्थलमा जानको लागि पर्यटन पैदल मार्गको निर्माण गरिएको छ ।
- विद्यार्थी संख्या भौगोलिक अवस्था शिक्षक दरवन्दी आदिको आधारमा विद्यालयको पठन पाठनलाई निरन्तरता दिन विद्यालय अनुदानको ब्यवस्था गरिएको छ । जसले विद्यालयमा पठन पाठनमा समेत सुधार आयको छ
- विगु गुम्बा लगायत मठ मन्दिरको मर्मत सम्भार कार्य गरिएको छ ।
- लामावगर लप्ची पैदल मार्गको निर्माण गरि आवत जावतलाई सहज बनाईएको छ ।
- गुणस्तरीय शिक्षा  र विश्वमा अंग्रेजी शिक्षाको प्रभावलाई मध्यनजर गरी बाल कक्षा र कक्षा १ मा  अंग्रेजी पाठयपुस्तकको निशुल्क विवरण गरिएको छ ।
- विगु गाउँपालिका भित्र अध्ययनरत सवै सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई टयाक्सुट वितरण गरि पोशाकमा एकरुपता लिइएको छ ।
- गाउँपालिका भित्र चौविस घण्टे प्रसुती सेवा केन्द्र संचालन गरि आमा र वच्चाको स्वास्थ्य अवस्थामा सुधार ल्याएको छ ।
- पशु औषधीको गाउँपालिका भित्र निशुल्क वितरण गरिएको छ । गाउँपालिका भित्र पशु शिविर संचालन कार्यक्रम संचालन गरिएको छ ।
- औषधीको अभाव न्युनिकरण गर्नको लागि थप औषधी खरिद गरि वितरणको ब्यवस्था मिलाईको छ ।
- विभिन्न योजना मार्फत खानेपानी र सिचाई योजना संचालन गरि कृषकको आयस्तरमा सुधार ल्याएको छ ।
- गाउँपालिकाको प्रोफाइल र आवधिक योजना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

- **आगामी दिनमा माटो सुहाउदो खेती बाली लगाउन गाउँपालिकाका केही वडामा नमुना माटो परिक्षण शिविर संचालन गरिएको छ ।**
- **दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिएको छ । जसले विद्ययालयमा भर्ना हुने विद्यार्थीको संख्या समेत बृद्धि भएको छ ।**
- **आउँदा दिनहरुमा विकास निर्माण कार्य संचालन गरी समृद्ध विगु निर्माण गर्न बातावरण प्रभाव मल्याङ्कन कार्यअगाडी बढाइएको र त्यसको प्रतिवेदन आउने क्रममा छ ।**
- माध्यमिक विद्यालय र आधारभुत बिद्यालयहरुमा इ-हाजिरीको व्यवस्था गरी दैनिक हाजिरी गाउँपालिकामा अद्यावधिक हुने प्रणालीको विकास गरिएको छ।

**कार्य सम्पादनको सिलसिलामा देखिएका केही सम्सयाहरु**

- **कर्मचारीको अभावको कारण कार्य संचालनमा केही समस्या परेको पाइन्छ ।**
- **भौगोलिक विकटता आदिको कारण विकास निर्माण कार्य संचालन गर्न समस्या देखिएको छ ।**

**अव म यस विगु गाउँपालिकाको आ.व ७६।०७७ नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । नीति तथा कार्यक्रमलाई विषय क्षेत्र अनुसार व्यवस्थापन गर्ने कोशीस गरेको छु ।**

## स्वास्थ्य सम्वन्धी नीति तथा कार्यक्रम

- प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता वितरण सँगसँगै स्वास्थ्य जाँच र निशुल्क औषधी उपचारको व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्र दन्तरोग, चर्म, स्त्रीरोग, आँखा रोग सम्बन्धी विभिन्न समयमा विभिन्न स्थानमा स्वास्थ्य शिविर संचालन गरिनेछ।
- गाउँपालिकाका भित्रका एक स्वास्थ्य चौकीलाई प्रयोगशाला सहितको स्वास्थ्य चौकीको रुपमा विकास गरिनेछ।
- स्वास्थ्य पूर्वधार, औषधी तथा उपकरणको उपलब्धतमा वृद्धि गरिनेछ।
- पूर्ण खोप सुनिश्चितता वडा कायम गरिनेछ।
- खोप कार्यक्रमलाई थप व्यवस्थित बनाउन खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ।
- खोप केन्द्रलाई व्यवस्थित गरी यस वर्ष १ ओटा खोप केन्द्र भवनको निर्माण गरिनेछ।
- हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ। पोषिला खानेकुराको प्रद्धर्शन गर्ने र स्थानीय स्तरमा पोषिला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइनेछ।
- आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन यातायात खर्चको वितरण प्रणलीलाई चुस्त बनाइनेछ
- **पुर्ण गर्भवति जाँच एबं पुर्ण संस्थागत** सुत्केरी जस्ता अभियानलाई लागु गरिनेछ।
- महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाई लागू गरिनेछ।
- क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिनेछ।
- डट्स बिधिबाट उपचारात्मक पद्धतिलाई थप प्रभावकारी बनाउन स्वास्थ्य कर्मीको निगरानीलाई बढाइनेछ ।

- म.स्व.स्व.से. हरुलाई स्वास्थ्यका सम्पुर्ण कार्यक्रमहरुमा समुदाय स्तरबाट जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिनेछ ।
- बन्चितिकरणमा परेका समुदायको पहिचान, आमा समुहहरुको थप सदृढिकरण गराउन म.स्व.स्व.हरुलाई थप उत्प्रेरित गरिनेछ ।
- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक बैठक तथा समीक्षालाई निरन्तरता दिइनेछ ।
- मासिक अनलाइन तथ्याङ्क प्रबेष्टीकरणका लागि आवश्यक पर्ने इन्टरनेट सेवालाई चुस्दुरुस्त बनाइनेछ ।
- औषधी, खोप तथा स्वास्थ्य सामग्रीहरुको भण्डारका लागि फ्रिजको व्यवस्था मिलाइने छ ।
- निशुल्क औषधीको लागि शशर्त बाहेक थप बजेटको व्यवस्था गरिनेछ ।

## जडिबुटी सम्वन्धी नीति तथा कार्यक्रम

- वातावरण अनुसार बाँझो रहेको जमिनमा जडिबुटी खेतीगर्न चाहने कृषकको लागि प्रस्ताव पत्रको माग गरि विशेष अनुदानको व्यवस्था गरी भुगोल र वातावरण अनुसार जडिबुटी नर्सरीको निर्माण गरिनेछ ।

## बिद्यालय / शिक्षा सम्वन्धी नीति तथा कार्यक्रम

- आधारभूत शिक्षामा सबैको पँहुच सुनिश्चित गर्न आर्थिकरुपमा अति कमजोर परिवारका बालबालिकाको अध्ययनलाई सहज बनाउन गाउँपालिकास्तरीय गरिब विद्यार्थी छात्रवृत्ति कोषको व्यवस्था गरिने छ ।
- गाउँ शिक्षा योजनाको निर्माण गरी कार्यान्वयन गरिने छ ।
- आधारभूत तथा माध्यमिक शिक्षा ऐन तथा नियमावली निर्माण गरी लागू गरिने छ । साथै शिक्षामा निजी क्षेत्रको लगानीलाई व्यवस्थित तथा नियमन गर्न आवश्यक निर्देशिका एवं कार्यविधि बनाई कार्यान्वयन गरिने छ ।
- अतिरिक्त क्रियाकलापहरुको माध्यमबाट विद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग पुरयाउन विविध कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरिने छ ।
- गाउँपालिकाको शैक्षिक स्तर माथि ल्याउन शिक्षकहरुको क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरी शिक्षकको गुणस्तर वृद्धि गरिने छ ।
- गाउँपालिकास्तरमा सर्वोत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थी, विद्यालय तथा शिक्षकहरुलाई थप प्रोत्साहित गर्न उपयुक्त मापदण्ड निर्धारण गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।
- आधारभूत तह उत्तीर्ण परीक्षालाई व्यवस्थित गर्न परीक्षाको विश्वस्नीयता तथा वैधता कायम गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाभित्रका विद्यालयहरुको आवश्यकताको सर्वेक्षण गरी थप व्यवस्थित बनाउन विद्यालयहरुको समायोजन, तह तथा कक्षा थपघट गर्ने नीतिको अवलम्बन गरिने छ ।
- विद्यालय र समुदायमा सिकाइमैत्री वातावरण निर्माणमा सघाउ पुग्ने गरी शैक्षिक मेला तथा सम्मेलनको आयोजना गरिने छ । साथै "सचेत अभिभावक, निपुण विद्यार्थी" निर्माणका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालयमा रहेको विद्यार्थी संख्या, शिक्षक दरवन्दी, भौगोलिक अवस्था आदिको अध्ययन गरी दरवन्दी मिलान तथा विद्यालय मर्ज गरी नपुग विद्यालयमा विशेष अनुदानको व्यवस्था गरिनेछ ।

- प्रत्येक माध्यमिक विद्यालयमा क्रमै सँग पुस्तकालय, विज्ञान प्रयोगशाला, प्रत्येक विद्यालयमा इन्टरनेटको जडान गरिनेछ ।
- गाउँपालिका भित्र रहेको सामुदायिक अध्ययन केन्द्रको क्षमता विस्तार गरी थप सामुदायिक अध्ययन केन्द्रको स्थापना गरिनेछ ।
- सामुदायिक विद्यालयबाट SEE परीक्षामा उत्कृष्ठ एक जना छात्र र एक जना छात्रालाई विशेष पुरस्कारको व्यवस्था गरिनेछ ।
- विश्वमा वढ्दै गएको अंग्रेजी शिक्षाको प्रभावलाई मध्यनजर गर्दै यस गाउँपालिकाका वा.वि.के. कक्षा १ र २ मा अंग्रेजी माध्यमबाट पठनपाठन संचालन गरिनेछ । जसमा अध्यपन गराउन शिक्षकको लागि तालिमको व्यवस्था र विद्यार्थीलाई निशूल्क अंगेजी पाठयपुस्तकको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका स्तरीय सूचना प्रविधि केन्द्रको निर्माण गरिनेछ ।
- गाउँपालिका, नेपाल सरकार र प्रदेश सरकारको सहकार्यमा एक ओटा प्राविधिक विद्यालयको स्थापना गरिनेछ ।
- गा.पा. भित्रका आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुको पहिचान गरी स्टेसनरी, ड्रेस तथा झोला वितरण गरिनेछ ।
- गाउँपालिका भित्र संचालन भएका बाल कक्षामा कार्यरत बाल विकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगीको लागि पोशाकमा एकरुपता ल्याउन पोशाक भत्ताको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको लागि शैक्षिक अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- विद्यालयमा कार्यरत शिक्षकको शैक्षिक योग्यता, पदको वर्गीकरण आदिको आधारमा विद्यालय सुधारको प्रस्ताव पत्र माग गरि प्रधानाध्यापकको छनौट गरि शैक्षिक गतिविधि संचालन गरिने छ ।
- बालविकास केन्द्रमा कार्यरत शिक्षीकाको लागि मन्टेश्वरी तालिमको व्यवस्था गरिने छ ।
- बालविकास केन्द्र नभएका विद्यालयमा बालविकास केन्द्रको निर्माण गदै लगिने छ ।
- विद्यालयको सिकाई उपलव्धि मौजुदा अवस्थामा १० प्रतिशत बृद्धि गरिने छ ।

## युवा तथा खेलकुदतर्फ

- स्वस्थ, सक्षम र अनुशासित नागरिक निर्माणकालागि खेलकुद विकास गर्न क्रमैसँग प्रत्येक वडामा एक खेलमैदान, पालिका स्तरीय रंगशाला र कभर्ड हल निर्माणका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्रका खेल प्रतिभाहरुको पहिचान, प्रवर्द्धन तथा विकासका लागि पालिकास्तरमा विभिन्न खेलहरुको आयोजना गर्नुको साथै पालिकाभित्र र बाहिर आयोजित खेलहरुमा सहभागिताका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- गाउँपालिका स्थापना भएको दिन वा अन्य उपयुक्त कुनै दिनलाई खेलकुद दिवश घोषणा गरी विभिन्न खेलकुद कार्यक्रमहरुको आयोजना तथा खेल प्रतिभाहरुको सम्मान जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- गाउँपालिकाभित्रका बेरोजगार युवाहरुको पहिचान गर्न वडास्तरमा तथ्याङ्क संकलन गरी अभिलेखन गरिनुका साथै बेरोजगारी न्यूनीकरण गर्न आवश्यक सिप विकाससम्बन्धी विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- गाउँपालिकास्तरमा युवा सञ्जाल तथा हरेक वडास्तरमा युवा क्लबहरुको गठन गरी युवा जागरण, सिप विकास र खेलकुद विकाससम्बन्धी विविध कार्यहरुमा सरिक गराइने छ ।
- बढदै गईरहेको युवाको विदेश पलायनलाई रोक्न स्वरोजगार मुलक योजनाको संचालन गरिने छ ।
- विकास निर्माणमा युवालाई सक्रिय सहभागी गराई रोजगारको सृजना गरिने छ ।
- युवालाई रोजगार सृजना गर्न प्राविधिक तथा सीप विकास तालिमको संचालन गरिने छ ।
- युवालाई साना उद्योग स्थापना गर्न प्रोत्साहन गर्न विशेष अनुदानको व्यस्था गरी जुस उत्पादन,कोशेली घर जस्ता संरचनाको निर्माण कार्य अगाडी वढाइने छ ।
- गाउँपालिका भित्र रहेका उत्कृष्ठ खेलाडीको छनौट गरी थप क्षमता विस्तारको लागि राष्ट्रिय र अन्तराष्टिय स्तरको तालिममा पठाईने छ ।
- खेलाडीको क्षमता विस्तार र नयाँ खेलाडीको विकास गर्न विभिन्न समयमा प्रशिक्षक झिकाई तालिमको आयोजना गरिने छ ।
- ठिङसाङमा गल्फ/स्की खेलको सम्भायता अध्ययन गरिने छ ।

## कृषि सम्वन्धी नीति तथा कार्यक्रम

- कृषि शिक्षा र अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारका लागि कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्थाहरूबीच समन्वय र सहकार्य गर्दै कार्यान्वयन पक्षलाई नतिजा उन्मुख बनाइनेछ ।
- खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपरजोनको विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।
- कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास, अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।
- कृषिमा आधारित उद्योगहरू, सेवा तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ ।
- कृषिजन्य उद्योगका लागि आवश्यक गुणस्तरीय कच्चा पदार्थहरूको पर्याप्त उत्पादन गरिनेछ ।
- उत्पादन सामग्रीहरू, रासायनिक मल, प्राङ्गारिक मल, उन्नत बिउ बिजन, सिँचाइ, मेसिनरी औजार, जैविक तथा रासायनिक विषादी तथा बिमा प्रिमियममा लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।
- समूहमा आधारित साना सिँचाइ निर्माण तथा मर्मत सम्भार, सहकारीमा आधारित साना सिँचाइ, पूर्वाधार निर्माण, प्लास्टिक पोखरी तथा सिञ्चित क्षेत्र विस्तार गरिनेछ ।
- कृषि सम्बन्धी विभिन्न व्यवसायिक खेतीपाती तालिम आदिको आयोजना गरिनेछ ।

- मौसमी तथा बेमौसमी तरकारी खेती कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- गा.पा. भित्रका अगुवा कृषकको छनौट गरी कृषि कार्यलाई प्रभावकारी बनाउन पुरस्कृत गरिनेछ ।
- गा.पा. को वातावरण तथा भुगोल अध्ययन गरी नर्सरीको व्यवस्थापन गरिनेछ ।
- गा.पा. स्तारीय एक वटा तरकारी संकलन केन्द्र र दुग्ध चिस्यान केन्द्रको स्थापना गरी कृषकबाट उत्पादित कृषि उपजलाई बजार पहुँच कायम गरिनेछ ।
- गा.पा.भित्रका विभिन्न स्थानको माटोको परीक्षण गरी माटो अनुकुलको वाली लगाउन उत्प्रेरित गरिनेछ
- प्रदेश सरकारको समन्वय र सहकार्यमा कृषि उपज संकलन केन्द्र, शीत भण्डारण स्थलको निर्माण क्रमागत रुपमा गरिनेछ ।
- गाउँपालिका भित्र थोपा सिचाई, प्लाष्टिक पोखरी आदि माध्यमबाट कृषियोग्य भुमिमा सिचाइको व्यवस्था गरी कृषि उत्पादनमा वृद्धि गरिनेछ ।
- विगु गापाको वडा नं. ७ मा आलु भण्डार केन्द्र, वडा नं ५ मा चिया रोपन कार्य र वडा न ३ र ४ मा किविको पकेट क्षेत्र र विगु ७ मा जडीबुटी नर्सरी र विगु २ मा स्याउको पकेट क्षेत्र घोषणा गरी सो वमोजिम आवश्यक वजेटको विनियोजन गरिएने छ ।

## पशु सम्वन्धी नीति तथा कार्यक्रम

- गाई, भैंसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्ल पशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ ।
- गाई, भैंसी, बाखा र बङ्गुरको कृत्रिम गर्भाधानबाट उन्नत नस्लका पशुहरूको सङ्ख्या वृद्धि र नश्ल सुधार  अभियान कार्यक्रम गरिनेछ ।
- वन, भू-संरक्षण तथा कृषि विकास कार्यालयहरूसँगको समन्वयमा सामुदायिक वन, कबुलियती वन तथा कृषि फार्महरूमा घाँसेबाली प्रवर्द्धन गरिनेछ  ।
- खोरेत, पी.पी.आर, रेबिज, स्वाइन फिबर, रानीखेतजस्ता रोगको रोकथामका लागि  भ्याक्सिन खरिद गरि निशुल्क वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकको लागि गोठ सुधारको लागि ८०% अनुदानको व्यवस्था गरिने छ ।
- पशु सम्वन्धि विभिन्न रोगको औषधी खरिद गरि निशुल्क विवरणको व्यवस्था गरिने छ ।

## पर्यटन सम्वन्धी नीति तथा कार्यक्रम

- प्रमुख पर्यटकीय स्थलहरूसम्म सहज पहुँच बनाउन पर्यटन पदमार्गमार्फत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।
- पर्या-पर्यटन तथा कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरणमैत्री बनाइनेछ ।
- प्रमुख पर्यटकीय क्षेत्रहरूमा विपद् तथा जलवायुजन्य प्रकोपका घटनाहरू पहिचान गर्ने तथा विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण एवम् पूर्व तयारी योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- विगु गुम्बाबाट देउढुङ्गा, सुमेरु पर्वत, थोवो डाँडा, बहुला पोखरी, लप्ची पैदल मार्गको र पुर्वाधार निर्माणको व्यवस्था गरिने छ ।

- लप्ची गुम्वा, देवलिङगेश्वर मन्दिर, विगु गुम्वालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गदै लगिने छ ।

## सार्वजनिक सेवा प्रवाह सम्वन्धी नीति तथा कार्यक्रम

- गाउँपालिकाको सेवा प्रवाहलाई छिटो छरितो चुस्त दुरुस्त बनाउन श्रव्य दृश्य, नागरिक वडापत्र, सुचना बोर्ड, डिजिटल नोटीस बोर्ड आदिको व्यस्थालाई थप प्रभावकारी बनाईने छ ।
- प्रत्येक वडा कार्यालय तथा गाउँपालिकामा सोधपुछ कक्षको व्वस्था गरिनेछ ।
- पारर्दशिता र उत्तरदायित्वलाई प्रभावकारी बनाउन गाउँपालिका भित्रका सवै सार्वजनिक निकायमा विद्युतीय हाजिर तथा मासिक खर्चको विवरण सार्वजनिक गरिनेछ ।
- कर्मचारीको क्षमता विकास र पुनताजकिय तालिमको व्यवस्था गरिने छ ।
- सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन नयाँ सीप प्रविधिको प्रयोगमा ल्याउन कर्मचारीलाई अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- गाउँपालिकालाई paper less गाउँपालिकाको रुपमा परिणत गनिरेछ ।
- विकास निर्माणलाई प्रभावकारी वनाउन प्रत्येक वडामा एक प्राविधिक जनशक्तिको व्यवस्था गरिने छ ।
- सार्वजनिक सम्पत्तिको संरक्षण, रेखदेशको नियन्त्रण तथा गाउँपालिकाको अन्य कार्यको लागि नगर प्रहरीको व्यवस्था गरिने छ ।

## उर्जा विकास सम्वन्धी नीति तथा कार्यक्रम

- **उज्जयालो ठाउँ हाम्रो गाउँ** भन्ने नारालाई आत्मासाथ गर्दै प्रत्येक वडामा विद्युतीकरण गदै लगिने छ ।
- लघु जलविद्युत आयोजनाको मर्मत संम्भार गरिने, नवीकरणीय ऊर्जाको प्रयोगमा विस्तार गरिनेछ ।
- यस गाउँपालिकाका प्रत्येक वडामा यस वर्ष भित्र केन्द्रिय लाइन विस्तार गरि विद्युतीकरण गरिने छ ।

## संचार सम्वन्धी नीति तथा कार्यक्रम

- संघिय सरकार प्रदेश सरकार सँग समन्वय गरी टेलिफोन टावर निमार्ण गरिने छ ।
- गाउँपालिका भित्र आन्तरिक संचार प्रणालीलाई व्यवसथित बनाउन रेडियो टावर जडान गरिने छ ।

## पुवार्धार सम्वन्धी नीति तथा कार्यक्रम

- गाउँपालिका भित्रका सडकको स्तरोन्ती गदै बाह्रै महिना सडक संचालन गरिने छ ।
- गाउँपालिका भित्र वडा नं. १ को लामावगर देखि वडा नं ८को खोपाचागु सम्म सडक विस्तारलाई प्राथमिकतामा राखिने छ ।
- गाउँपालिका भित्र रहेका बजार क्षेत्रका सडकहरुमा सौर्य बत्तिको व्यवस्था गरिनेछ ।
- सामुदायिक भवन, स्वास्थ्य चौकी, पुस्तकालय आदिको निमार्ण गरिनेछ ।
- गाउँपालिकाको भवन, वडा कार्यालयहरुको भवन, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा निर्माण गरिने छ ।
- काठेपुललाई विस्थापित गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा झोलुङ्गे पुलको निर्माण गरिने छ ।

- गाउँपालिका भित्र नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको समन्वयमा एक सुविधा सम्पन्न शीत भण्डारको निर्माण गरिने छ ।
- प्रत्येक माध्यमिक विद्यालयमा ई लाइवेरी, घेराबार, छात्र छात्रा अपाङ्ग मैत्री शौचालयको निर्माण गरिनेछ ।
- कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र र अन्य सेवा केन्द्रलाई एकत्रित गरी एकिकृत सेवा केन्द्र भवनको निर्माणलाई निरन्तरता दिने छ ।
- गाउँपालिका भित्र रहेका गुम्बा,मठ,मन्दिर, पुरातातयिक महत्वपुर्ण वस्तुको संरक्षण निर्माणमा जोड दिइने छ ।
- गाउँपालिका भित्र गरिने विकास निर्माणको कार्य चैत मसान्त भित्र ८० प्रतिशत कार्य सम्पन्न गरिनेछ ।
- गा.पा.को मुख्य बजार, सेवा केन्द्र अथवा केन्द्रमा सुविधा सम्पन्न व्यायमशाला निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र सिंगटीमा वस पार्क र विभिन्न ठाउँमा सार्वजनिक शौचालयको निर्माण गरिने छ ।
- सिंगटी दोभान रहेको सार्वजनिक जग्गामा घाट गुरुयोजना निर्माण भएकोले सो वमोजिको कार्यलाई अगाडी बनाईने छ ।
- गाउँपालिका भित्र निर्माण गर्न सकिने १ मेघावाट सम्मको जलविद्युत आयोजनाको सम्भावयता अध्ययन गरिने छ ।
- गाउँपालिका भित्र विद्युत खरिद सम्झौत भई संचालन भएका आयोजनामा गाउँपालिकाले संयुक्त लगानी गरिने छ ।

## सुचना प्रबिधि सम्वन्धी नीति तथा कार्यक्रम

- विद्युतीय सुशासनलाई मुख्य प्राथमिकतामा राख्दै गाउँकार्यपालिका, पालिकाको एकीकृत सेवा केन्द्र, प्रत्येक वडा कार्यालयमा इन्टरनेट सेवाको विस्तार गरिनेछ ।
- प्रत्येक वडामा रहेको स्वस्थ्य चौकी, माध्यमिक विद्यालय र आधारभुत बिद्यालयहरुमा इ-हाजिरीको व्यवस्था गरी दैनिक हाजिरी गाउँपालिकामा अद्यावधिक हुने प्रणालीको प्रबन्ध गरिनेछ साथै प्रत्येक वडा कार्यालयमा डिजिटल नागरिक बडापत्रको प्रबन्ध मिलाइनेछ ।
- प्रबिधिको प्रयोगलाई पोत्साहन गर्न मोबाइल एप्सको निर्माण भएको डिजिटल शोधपुछ प्रणालीको व्यवस्था गरिनेछ ।
- आधारभुत तह उत्तीर्ण परीक्षाको परीक्षाफल छुट्टै वेब-प्रणालीको विकास गरी सार्वजानिक गर्ने व्यवस्था मिलाइएकोले त्यसता कार्यलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकाको लेखा व्यवस्थापनलाई अनलाईन प्रणालीको सूत्र (Subnational Treasury Application Regulatory ) मार्फत व्यवस्थित गरिनेछ ।
- कार्यालयको दैनिक प्रशासनिक कामकाजहरुलाई डिजिटल प्रबिधिबाट व्यवस्थापन गरी कागजी प्रणाली प्रयोगलाई न्युनीकरण गरि सुचनाको आदान प्रदान बिद्युतीय तरिकाबाट गर्ने गरि प्रबन्ध मिलाइनेछ ।

- सेवाग्रहीलाई छिटो तथा सरल रुपमा सेवा प्रदान गर्न आवश्यक नयाँ सफ्टवयरको निर्माण तथा खरिद, सम्पुर्ण डाटा Digital Form मा अधिलेखीकरण र होस्टिङको लागि सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।
- अपाङ्गता भएका सेवाग्राहीहरुलाई मध्यनजर गर्दै श्रव्य तथा दृश्य सुचना पाटीको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको प्राविधिक क्षेत्रलाई मजवुत बनाउन कर्मचारीहरुको व्यवस्था साथै क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमहरुको प्रबन्ध मिलाइनेछ ।
- वडा स्तरबाट नै सामाजिक सुरुक्षा तथा व्यक्तिगत घटना दर्ता र अद्यावधिक गर्नको लागि आवश्यक पुर्वधारको प्रबन्ध मिलाइनेछ ।
- मासिक पत्रकार भेटघाट, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सूचना प्रवाहमा मिडिया सँगको सहकार्य आदिका माध्यमबाट सूचना प्रवाह, पारदर्शिता तथा जनताको सुख दुःखमा सहयात्रीको भूमिका निर्वाह गरिनेछ ।

## सामाजिक सुरक्षा सम्वन्धी नीति तथा कार्यक्रम

- जेष्ठ नागरिकहरुको रेखदेख, उपचार र सामाजिक सुरक्षा तथा यूवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन अध्ययन गरी स्थानीय स्तरमा नै रोजगारीको सिर्जना गरिनेछ ।
- जेष्ठ नागरिक, अपाङ्ग, विधवा, एकल महिला आदिको सामाजिक सुरक्षा भत्ता घर दैलोमा लगि वितरण गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणको समयमा नै स्वास्थ्य जाँचको र निशुल्क औषधीको व्यव्स्था गरिनेछ ।
- विधवा र एकल महिलालाई आर्य आर्जन हुने खालका सीप मुलक तालिमको व्यस्था गरिने छ ।

## लैगिक समानता र समावेशीकरण

- बुहारी फर्काउन अभियानलाई प्रभावकारी वनाउन अनुदान लगायत विविध कार्यक्रमको संचालन गरिने छ ।
- महिलाको क्षमता विकास तथा नेतृत्व विकास कार्यक्रम संचालन गरिने छ ।
- कोशेली घरको निर्माण तथा सीप विकासको माध्यमबाट महिला, दलित र जनजाती आदिको आर्यस्तरमा बृद्धि गरिनेछ ।

## मठ मन्दिर तथा गुम्वा सम्वन्धी

- यस गाउँपालिकाको देवलिङगेश्वर, कमलामाई, ठाडो खोला महादेव, चिरकुर्नथान मन्दिर, सावलादेवी मन्दिर, महादेव मन्दिर, भैरवेश्वर मन्दिर, साङवा महादेव मन्दिर आदिको संरक्षणको उचित व्यव्स्था मिलाईने छ ।
- यस गाउँपालिकाका विभिन्न वडामा रहेका गुम्वाको निर्माण र संरक्षणको लागि प्रदेश, संघिय र गाउँपालिका विच समन्यव गरी आवश्यक कार्य अगाडी वढाइने छ ।

## खानेपानी तथा सिचाई सम्वन्धी

- **सफा खानेपानी सवैले खानी** भन्ने नारालाई सार्थक बनाउन गाउँपालिका भित्रका सवै वडामा सफा खानेपानीको पहुँच स्थापना गर्न डढुवा खोला खानेपानी र चोकटे खोला खानेपानीलाई उचित वजेटको व्यव्स्था गरिनेछ ।
- प्रत्येक खानेपानी मुहानको अध्ययन गरी ती मुहानको पानीको परिक्षण गरिने छ ।
- रुपथाडखोला, चोक्टेखोला, ज्याडवा खोला, देउलाड खोला,ओराड खोला, स्याखु खोला सिचाई निर्माण कार्य अगाडी बढाइने छ ।
- छोइताड खोला लगायत गाउँपालिका भित्रका विभिन्न खानेपानीको सर्वेक्षण कार्य अगाडी बढाइने छ ।

## राजश्व संकलन सम्वन्धी नीति तथा कार्यक्रम

- गाउँपालिका आत्म निर्भर वन्नको लागि आफ्नो आन्तरिक आम्दानीको अति आवश्यक पर्दछ, तसर्थ गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने विभिन्न शिर्षकमा सेवा शुल्क कर दस्तुर निर्धारण गरिनेछ
- जनताको कर जनताको लागि भन्ने नाराको साथ गाउँपालिकाबाट उठेको कर दस्तुर जनताको हितकै लागि खर्च गरिने छ ।
- प्रत्येक वडा कार्यालयबाट उठेको राजश्व प्रत्येक महिनाको ७ गते भित्र गाउँपालिकाको कार्यालयमा पेश गरिने छ ।

**अन्तयमा यस नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने गाउँसभाका पदाधिकारी , कर्मचारी लगायत सवैमा हार्दिक आभार व्यक्त गर्दछु ।**

**धन्यवाद**

# अनुसुचिहरू

अनुसुचि १

विगु गाउँपालिकाको आ.व. २०७६।७७ को अनुमानित आय विवरण

| | आम्दानी विवरण | रकम रू | |
|---|---|---|---|
| १ | समानीकरण अनुदान संघिय सरकार | ११०९००००० | |
| २ | प्रदेश सरकार समानीकरण अनुदान | ९८३९००० | |
| ३ | राजश्व बाँडफाँड संघिय सरकार | ८४३००००० | |
| ४ | राजश्व बाँडफाँड प्रदेश सरकार | १४३७०००० | |
| ५ | आन्तरिक आम्दानी | २७५९१००० | |
| | जम्मा | २४७०००००० | |

अनुसुचि २

**विगु गाउँपालिकाको आ.व. २०७६।७७ को अनुमानित खर्च शीर्षकगत व्यय विवरण**

| चालु खर्च विवरण | | | |
|---|---|---|---|
| खर्च शीर्षक | शीर्षक | | २०७६।७७ को अनुमानित खर्च विवरण |
| २१११११ | पारिश्रमिक कर्मचारी | | १३००००००.०० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | | ५००००००.०० |
| २११२१ | पोशाक | | ४०००००.०० |
| २११२३ | औषधी उपचार खर्च | | ३०००००.०० |
| २११३१ | स्थानीय भत्ता | | ४०००००.०० |
| २११३२ | मंहगी भत्ता | | ७०००००.०० |
| २११३३ | फिल्ड भत्ता | | ६०००००.०० |
| २११३४ | कर्मचारी बैठक भत्ता | | २०००००.०० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | ५०००००.०० |
| २११३९ | अन्य भत्ता | | ३०००००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | | १५०००००.०० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | | ६०००००.०० |
| २२१११ | पानी तथा विजुली | | ३०००००.०० |
| २२११२ | संचार महसुल | | ३००००००.०० |
| २२११३ | सार्वजनिक उपयोगिताको खर्च | | १०००००.०० |
| २२२११ | ईन्धन पदाधिकारी | | १००००००.०० |
| २२२१२ | ईन्धन कार्यालय प्रयोजन(मेशीनरी औजार समेत) | | ५००००००.०० |
| २२२१३ | सवारी साधन मर्मत | | १५०००००.०० |
| २२२१४ | विमा तथा नवीकरण | | ८०००००.०० |
| २२२२१ | मेशीनरी औजार मर्मत तथा संभार तथा संचालन | | १२०००००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | | ३००००००.०० |
| २२३१३ | पुस्तक तथा सामाग्री खर्च | | १५०००००.०० |
| २२३१४ | ईन्धन अन्य प्रयोजन | | २०००००.०० |
| २२३१५ | पत्र पत्रिका, छपाई तथा सुचना प्रकाशन | | २५०००००.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | | ३०००००.०० |
| २२४११ | सेवा तथा परार्मश खर्च | | ५०००००.०० |
| २२४१२ | सुचना प्रणाली तथा सफटवयर संचालन खर्च | | १००००००.०० |
| २२४१३ | करार सेवा शुल्क | | ६००००००.०० |
| २२४१४ | सरसफाई शुल्क | | २०००००.०० |
| २२४१९ | अन्य सेवा शुल्क | | १००००००.०० |
| २२५११ | कर्मचारी तालिम | | ५०००००.०० |
| २२५१२ | सीप वि.त.जन.ता.गो.स. खर्च | | १००००००.०० |
| २२५२२ | कार्यक्रम खर्च | | १५०००००.०० |

| | | | |
|---|---|---|---|
| २२६११ | अनुगमन तथा मुल्याङकन खर्च | | २५००००.०० |
| २२६१२ | भ्रमण खर्च | | १००००००.०० |
| २२६१९ | अन्य भ्रमण खर्च पदाधिकारी भ्रमण | | १००००००.०० |
| २२७११ | विविध खर्च | | १००००००.०० |
| २२७२१ | सभा संचालन खर्च | | ६०००००.०० |
| २७११२ | अन्य सामाजिक सुरक्षा खर्च | | १००००००.०० |
| २७२१२ | उद्दार राहत तथा पुनस्थापना खर्च | | १००००००.०० |
| २७२१३ | औषधी खरिद खर्च | | १००००००.०० |
| २८१४२ | घर भाडा | | ६०००००.०० |
| २८१४३ | सवारी साधन तथा मेशीनरी औजार भाडा | | ५०००००.०० |
| | जम्मा रकम | | ६५८०००००।०० |

## पुँजीगत खर्च

| खर्च शीर्षक | शीर्षक | निर्माण/कार्यक्रम संचालन हुने स्थान | विनियोजित रकम रू |
|---|---|---|---|
| | समपुरक कोष | गाउँपालिका | १०००००००० |
| | सिंगटी लादुक ओराड सडक स्तरोनति | वडा नं ४,३ र २ | ७०००००० |
| | गाउापालिका भवन निर्माण जग्गा व्यवस्थापन | वडा नं. ४ | ४०००००० |
| | सोरूङ ढार्केबोट विगु सडक | वडा नं ५,६ र ७ | ६०००००० |
| | बुक्माडाडा अमाडोल विगु सडक स्तरोन्ती | वडा नं.८ र ७ | ५०००००० |
| | ककलीग विगु सडक स्तरोन्ती | वडा नं. ७ | २५००००० |
| | ढार्केबोट साइसाड सडक स्तरोन्ती | वडा नं. ५ | १०००००० |
| | जगत ओराड सडक निर्माण | वडा नं. २ | २५००००० |
| | जगत ठाडी सडक निर्माण | वडा नं. १, जगत | २०००००० |
| | देउराली लुम्नाड लप्ची पैदल मार्ग | वडा नं. १ | २५००००० |
| | ८ नम्वर वडा कार्यालय भवन निर्माण | वडा नं. ८ | ३०००००० |
| | गाउपालिका भित्रका सडक सफा गर्न | सवै वडाहरुमा | ४०००००० |
| | मेशीनरी औजार खरिद | गाउँपालिका | २५००००० |
| | फर्निचर खरिद | गाउँपालिका | ४०००००० |
| | प्राविधिक विद्यालय संचालन सिंगटी | वडा नं. ४ सिंगटी | ८०००००० |
| | कर्वड हल तथा खेल मैदान निर्माण सिंगटी | वडा नं. ४ सिंगटी | ४०००००० |
| | कृषि विकास कार्यक्रम तर्फ | | |
| | आई पि एम कृषक पाठशाला | गाउपालिका भित्रका २ | २००००० |
| | सिलपोलिन प्लाष्टिक तथा विउ वितरण | सवै वडाहरुमा | ५००००० |
| | फलफुल विरूवा वितरण | सवै वडाहरुमा | ३००००० |
| | कृषक तालिम | सवै वडाहरुमा | ३००००० |
| | कृषि उपज संकलन तथा वितरण सवारी साधन खरिद (७५प्रतिशत | सवै वडाहरुमा | १७००००० |
| | हाते टयाक्टर वितरण | सवै वडाहरुमा | ७००००० |
| | जम्मा रकम | | ३७००००० |
| | पशु विकास कार्यक्रम तर्फ | | |
| | कृतिम गर्भधारण कार्यक्रम | सवै वडाहरुमा | २००००० |
| | पशु औषधी खरिद | गाउँपालिका | ८००००० |
| | चौरी,पालन भेडा चौरी बाखा भैसी कृषको लागि ३ दिने तालिम | गाउँपालिका | २००००० |
| | बोयर जातको बोका वितरण | सवै वडाहरुमा | ५००००० |
| | गोठ सुधार कार्यक्रम१२वटा | सवै वडाहरुमा | ६००००० |
| | भ्याकसिन खरिद | गाउँपालिका | २००००० |
| | खर्क व्यवस्थापन | गाउँपालिका | २००००० |
| | कार्यक्रम संचालन तथा अनुगमन | सवै वडाहरुमा | १००००० |
| | चौरी पालक कृषकको लागि आवश्यक सामग्री वितरण | गाउँपालिका | २००००० |
| | जम्मा रकम | | ३०००००० |
| | महिला विकास कार्यक्रम | | |
| | नेर्तत्व तथा क्षमता विकास तालिम | गाउँपालिका | ५००००० |

| | | | |
|---|---|---|---|
| | महिला सिप विकास तालिम | गाउँपालिका | ५००००० |
| | महिला हिंसा न्युनिकरण तालिम | गाउँपालिका | ५००००० |
| | एडभान्स सिलाई बुनाई तालिम | वडा नं. ८ | २००००० |
| | कानुनी परार्मश तालिम | गाउँपालिका | ३००००० |
| | कोशेली घर व्यवस्थापन | वडा नं. ४ | १०००००० |
| | जम्मा रकम | | ३०००००० |
| | पर्यटन पुर्वाधार कार्यक्रम | गाउँपालिका | १०००००० |
| | पुजीगत अनुसन्धान(EIA तथा अन्य ) | गाउँपालिका | ४०००००० |
| | सिंगटी घाट तथा पार्क निर्माण | वडा नं. ४ | १५००००० |
| | झोरूड खोला पक्की पुल निर्माण | वडा नं. ४ र ५ | १००००००० |
| | माईथान पार्क निर्माण | वडा नं ४ | १५००००० |
| | ढुडाखानी आलम्पु सडक | वडा नं. ६ | १५००००० |
| | ढार्केबोट फेल्दार सडक स्तरोन्ती | वडा नं. ५ | १४००००० |
| | शिक्षा विकास कार्यक्रम | | |
| | विद्यालय अनुदान कार्यक्रम गत वर्ष दिएका र थप | गाउँपालिका | ४८९०००० |
| | बालकक्षा शिक्षक पोशाक भत्ता | सवै विद्यालयहरु | ३८०००० |
| | विद्यालय सहयोगी पोशाक भत्ता ३७ जना | सवै विद्यालयहरु | ३७०००० |
| | विद्यालय सहयाक पोशाक १० जना | सवै विद्यालयहरु | ९०००० |
| | विषय गत शिक्षकको क्षमता विकास ( गणित अंग्रजी बिज्ञान ) | सवै विद्यालयहरु | ४५०००० |
| | अंग्रेजी माध्यम पठन पाठन शिक्षक तालिम | सवै विद्यालयहरु | २००००० |
| | शैक्षिक सुचना व्यवस्थापन तालिम | सवै विद्यालयहरु | १५०००० |
| | बार्षिक कार्यपात्रो निर्माण | गाउँपालिका | ७०००० |
| | प्रअ बैठक व्यवस्थापन | गाउँपालिका | २३०००० |
| | शैक्षिक सामग्री निर्माण तालिम ३ दिन सवै विद्यालय | गाउँपालिका | ३००००० |
| | अनुगमन तथा निरीक्षण | सवै विद्यालयहरु | १००००० |
| | विद्यार्थी विभिन्न प्रतियोगीता | गाउँपालिका | ३२०००० |
| | कक्षा ८ को परीक्षा संचालन | गाउँपालिका | २००००० |
| | कक्षा ५ को स्तरमापन परीक्षा संचालन | गाउँपालिका | १५०००० |
| | शिक्षा समिति वैठक व्यस्थापन | गाउँपालिका | १००००० |
| | जम्मा रकम | | ८०००००० |
| | एक मेघावाट सम्मको जलविद्युत ओयोजनाको सम्भाव्यता अध्ययन | वडा नं. १ | २०००००० |
| | हेलिप्याड निर्माण ४ वटा | चार वडाहरुमा | ९००००० |
| | स्वास्थ्य चौकी खार्ताल | वडा नं.५ | ३०००००० |
| | `खेलकुद विकास कार्यक्रम | | |
| | गाउँपालिकास्तरीय फुटवल प्रतियोगिता | गाउँपालिका | २००००० |
| | खेलकुद समिति बैठक खर्च | गाउँपालिका | १००००० |
| | गाउँपालिकास्तरीय भलिबल प्रतियोगिता | गाउँपालिका | ३००००० |
| | राष्ट्रपति कप पालिकास्तर र जिल्लास्तर | गाउँपालिका | ४००००० |
| | खेलकुद सहभागिता तथा प्रवर्द्धन कार्यक्रम | गाउँपालिका | ५००००० |
| | खहरे सोइसाड सडक | वडा नं. ४ | १५००००० |
| | तातोपानी व्यवस्थापन | वडा नं. २ | ५००००० |
| | तरकारी तथा दुग्ध संकलन केन्द | वडा नं.४ | १०००००० |
| | शहिद परिवार सम्वन्धीत विशेष कार्यक्रम संचालन | सवै वडाहरुमा | १०००००० |
| | स्वास्थ्यका विविध कार्याक्रम | सवै वडाहरुमा | २०००००० |
| | न्यायिक समितिको क्षमता विकास कार्यक्रम | सवै वडाहरुमा | १०००००० |
| | कृषि सेवा केन्द्र भवन निर्माण सिंगटी | वडा नं. ४ सिगंटी | ४०००००० |
| | विपद व्यस्थापन कोष | गाउँपालिका | २०००००० |
| | पाटी गैरा सडक ग्याविन निर्माण | वडा नं. ३, पाटी गैरा | २०००००० |
| | स्वास्थ्य चौकी तथा ३ नम्वर वडा कार्यालय घेराबार | वडा नं. ३ | १०००००० |
| | फेल्दार चेन्दो मेन्दो गुम्वा निर्माण | वडा नं. ५ | १४००००० |

| | | | |
|---|---|---|---|
| | वडा नं ७ खानेपानी मर्मत सम्भार | वडा नं. ७ | ५००००० |
| | ओराङ थोवो डाडा पर्यटन पद मार्ग | वडा नं. २ | ५००००० |
| | ५ नम्वर वडा कार्यालय घेराबार | वडा नं. ५ | ५००००० |
| | महिला स्वम सेविका साम्रग्री वितरण | वडा नं. १ | २००००० |
| | दिडगुर ओगेन टासी छोलिड गुम्वा निर्माण | वडा नं. १ | १९००००० |
| | गुम्वा घडेरी निर्माण साविक वडा नं ८ | वडा नं. १ | ६००००० |
| | खेल मैदान निर्माण र घेराबार | वडा नं. १ | २००००० |
| | गोगर बजार शिवालय मन्दिर निर्माण | वडा नं. १ | १००००० |
| | गौरीशकर मावि स्टेज र सरस्वती मन्दिर निर्माा | वडा नं. १ | ५००००० |
| | लामावगर खेल मैदान शौचालय निर्माण | वडा नं. १ | ९००००० |
| | बालबालिका स्टेसनरी र झोला वितरण | वडा नं. १ | २००००० |
| | भलिबल प्रतियो्गिता | वडा नं. १ | २००००० |
| | लैगिक समानता र जनचेतना कार्यक्रम | वडा नं. १ | २००००० |
| | दलित उत्थान मेशिन औजार सिपमुलक तालिम | वडा नं. १ | २००००० |
| | अपाडग उत्थान कार्यक्रम | वडा नं. १ | १००००० |
| | विपद व्यवस्थापन | वडा नं. १ | १००००० |
| | लामावगर भैसी सडक सोलिड | वडा नं. १ | ३००००० |
| | ओराङथान ठाडोखोला मन्दिर सडक | वडा नं. २ | ८००००० |
| | डांक्सिङ दृउलाङखानी सडक निर्माण योजना | वडा नं. २ | ५००००० |
| | ओराङ भुमेथान सिम्टेखोला टार्काटुक सडक | वडा नं. २ | ३००००० |
| | वडा कार्यालय दोस्रो तला निर्माण तथा घेरावार | वडा नं. २ | १८००००० |
| | स्वास्थ्य चौकी घेरावार | वडा नं. २ | ३००००० |
| | खानीडाँडा सिंचाई | वडा नं. २ | ३००००० |
| | हिले सिंचाई | वडा नं. २ | ३००००० |
| | ओराङ मानेगुम्वा सडक स्तरोन्ती | वडा नं. २ | ३००००० |
| | सरसालिङ गोरेटो बाटो निर्माण | वडा नं. २ | १००००० |
| | ओखेनी काठेपुल निर्माण | वडा नं. २ | ५०००० |
| | कृषि कार्यक्रम | वडा नं. २ | ५००००० |
| | दालित कार्यक्रम | वडा नं. २ | १००००० |
| | खेलकुद कार्यक्रम | वडा नं. २ | २५०००० |
| | शिवलिंगेश्वर बाल विकास केन्द्र फर्निचर | वडा नं. २ | १००००० |
| | महिला क्षमता विकास कार्यक्रम | वडा नं. २ | १००००० |
| | खानेपानी योजना | वडा नं. २ | ४००००० |
| | मंकल भिरमुनी जामुने सडक | वडा नं. ३ | ४००००० |
| | मंकल दुम्सिखेल कुडार सडक मर्मत | वडा नं. ३ | १२००००० |
| | कलकले घयाङ गुङचौर बुलुङखानी सडक मर्मत | वडा नं. ३ | १२००००० |
| | फापरस्वरा मान्केतिङ च्यानपारी सडक मर्मत | वडा नं. ३ | ६००००० |
| | बुलुङखानी प्रावि पहिरो रोकथाम कार्यक्रम | वडा नं. ३ | २००००० |
| | जेष्ठ नागरिक सम्मान कार्यक्रम | वडा नं. ३ | १००००० |
| | महिला आधारशिला सहकारी सेफ खरिद | वडा नं. ३ | २००००० |
| | भुमेथान साम'दायिक भवन निर्माण | वडा नं. ३ | ४००००० |
| | महिला स्वास्थ्य स्वय सेविका | वडा नं. ३ | १००००० |
| | अपांग लक्षित कार्यक्रम | वडा नं. ३ | १००००० |
| | खेलकुद कार्यक्रम | वडा नं. ३ | ५०००० |
| | शारदा मावि ग्याविन खानेपानी | वडा नं. ३ | २२५००० |
| | क्षमता विकास कम्प्युटर तालिम | वडा नं. ३ | २००००० |
| | महिला क्षमता विकास तालिम | वडा नं. ३ | १५०००० |
| | किवि विरुवा बितरण ५० प्रतिशत अनदान व्यवस्थापन कार्याक्रम | वडा नं. ३ | २२५००० |
| | दलित समुदायलाई मेशिन खरिद | वडा नं. ३ | १५०००० |
| | विपद व्यवस्थापन | वडा नं. ३ | २००००० |
| | लादुक ग्रामिण सडक सफा कार्यक्रम | वडा नं. ४ | १०००००० |

| | | | |
|---|---|---|---|
| | लादुक खानेपानी मर्मत सामग्री योजना | वडा नं. ४ | ५००००० |
| | शान्ति आदर्श मावि घेराबार योजना | वडा नं. ४ | ३५०००० |
| | माने निर्माण च्याने डाडा | वडा नं. ४ | ५००००० |
| | चित्रेमावि कार्यालय व्यव्वस्थापन | वडा नं. ४ | १००००० |
| | शान्ति आदर्श मावि कार्यालय व्यस्थापन | वडा नं. ४ | १००००० |
| | नारायणी प्रावि कार्यालय व्यस्थापन | वडा नं. ४ | १००००० |
| | चित्रे सामुदायिक स्वास्थ्य इकाई कार्यालय व्वस्थापन | वडा नं. ४ | ५०००० |
| | पुर्ण सरसफाई नमुना वस्ती निर्माण | वडा नं. ४ | २००००० |
| | नाकथुमे देविथान जिर्णोद्धार कार्यक्रम | वडा नं. ४ | १००००० |
| | नवजिवन बचत तथा ऋण सहकारी कार्यालय व्यवस्थापन | वडा नं. ४ | १५०००० |
| | सावलादेवि बचत तथा ऋण सहरकारी कार्यालय व्यवस्थापन | वडा नं. ४ | १५०००० |
| | लादुक स्वास्थ्य चौकी कार्यालय व्यवस्थापन | वडा नं. ४ | १५०००० |
| | गर्भवती तथा सुत्केरी भेटघाट तथा सरसफाई | वडा नं. ४ | १५०००० |
| | किवि खेती कार्यक्रम | वडा नं. ४ | ३००००० |
| | ७० प्रतिशत अनुदान पशुपालन कार्यक्रम ( गाई, बाखा, बंग'र ) | वडा नं. ४ | ८००००० |
| | ५० प्रतिशत अनुदान तरकारीखेती तथा टनेल वितरण कार्याक्रम | वडा नं. ४ | १०००००० |
| | सार्वजनिक शौचालय सिंगटी | वडा नं. ४ | १०००००० |
| | खेल मैदान निर्माण स्याखु | वडा नं. ५ | २००००० |
| | सामुदायिक भवन निर्माण खार्ताल | वडा नं. ५ | ५००००० |
| | बुलुक्पा गान्दुक सडक निर्माण | वडा नं. ५ | ४००००० |
| | लहरेमाने गुम्वा मर्मत | वडा नं. ५ | ४००००० |
| | शिवालय मन्दिर निर्माण | वडा नं. ५ | २००००० |
| | भुमेडाडा माने निर्माण | वडा नं. ५ | २००००० |
| | छोकुम्वु खिर्कौ बुकेफु डाडा खानेपानी निर्मा० | वडा नं. ५ | २००००० |
| | चिर्कुनथान शिवालय मन्दिर निर्माण | वडा नं. ५ | २००००० |
| | पाखाटोल खानेपानी निर्माण | वडा नं. ५ | २००००० |
| | चिया विकास कार्यक्रम खार्ताल | वडा नं. ५ | ३००००० |
| | लितेखाला गोरेटो वाटा | वडा नं. ५ | १५०००० |
| | जुम्सा खानेपानी | वडा नं. ५ | ५००००० |
| | स्यालजिड खारेखोला सडक स्तरोन्ती | वडा नं. ५ | ७००००० |
| | स्याखु ढुडाखानी रासाखानी सडक निर्माण | वडा नं. ५ | ८००००० |
| | महिला उत्थान कार्यक्रम | वडा नं. ५ | १२५००० |
| | खेलकुद कार्यक्रम विगु ५ | वडा नं. ५ | १००००० |
| | कोथली साना सिचाई आयोजना | वडा नं. ५ | २००००० |
| | महिला स्वमसेविका क्षमता विकास तथा सामान वितर० | वडा नं. ५ | १२५००० |
| | समावेशि महिला संजाल भवन प्लाष्टर | वडा नं. ५ | २००००० |
| | फाक्चु खोला खानेपानी निर्माण | वडा नं. ५ | ३००००० |
| | स्वास्थ्य चौकी चिलंखा जग्गा तथा भवन व्यवस्थापन | वडा नं. ५ | २००००० |
| | जेष्ठ नागरिक तथा बालबालिका सम्मान कार्यक्रम | वडा नं. ५ | १००००० |
| | अपाडग तथा दलित सम्मान कार्यक्रम | वडा नं. ५ | २००००० |
| | साजिखोरे खानेपानी निर्माण | वडा नं. ५ | १००००० |
| | गौरापर्वत पशुपालन तथा कृषि सहकारी टिमुर खेती कार्यक्रम | वडा नं. ५ | २००००० |
| | विपद व्यवस्थापन | वडा नं. ५ | १००००० |
| | गरेसी डाडा पैदल मार्ग निर्माण | वडा नं. ६ | २००००० |
| | महिला कार्यक्रम | वडा नं. ६ | २००००० |
| | ठुलो गाउखानेपानी योजना | वडा नं. ६ | १००००० |
| | चन्थली खानेपानी योजना | वडा नं. ६ | २००००० |
| | बालबालिका कार्यक्रम | वडा नं. ६ | १००००० |
| | दलित कार्यक्रम | वडा नं. ६ | १००००० |
| | अपाडग कार्यक्रम | वडा नं. ६ | १००००० |
| | युवा तथा खेलकुद | वडा नं. ६ | १५०००० |

| | | | |
|---|---|---|---|
| | जेष्ठ नागरिक सम्मान कार्यक्रम | वडा नं. ६ | १५०००० |
| | स्वास्थ्य चौकी फ्रिज र वासिड मेशिन खरिद | वडा नं. ६ | १००००० |
| | बासा खानेपानी मर्मत | वडा नं. ६ | २००००० |
| | स्वास्थ्य पिएनसी कार्यक्रम | वडा नं. ६ | १००००० |
| | भुमेथान भवन निर्माण | वडा नं. ६ | १०००००० |
| | थम्पु मावि शौचालय निर्माण | वडा नं. ६ | २००००० |
| | स्मृति भवन शौचालनय निर्माण | वडा नं. ६ | २००००० |
| | नगरा सडक निर्माण | वडा नं. ६ | ३००००० |
| | क्यारथाल सडक निर्माण | वडा नं. ६ | ३००००० |
| | आलम्पु ग्रामीण सडक मर्मत | वडा नं. ६ | ३००००० |
| | खानवेसीड टसपुल मर्मत | वडा नं. ६ | २००००० |
| | सिन्दुकी सडक मर्मत | वडा नं. ६ | ८००००० |
| | चन्थली सडक निर्माण | वडा नं. ६ | ३००००० |
| | कोटेआर्का ग्याविन जाली निर्माण | वडा नं. ६ | ३००००० |
| | विपद व्यवस्थापन | वडा नं. ६ | १००००० |
| | युवा खेलकुद कार्यक्रम | वडा नं. ७ | १००००० |
| | अकवरे खुर्सानी खेती कार्यक्रम | वडा नं. ७ | १५०००० |
| | ओडारे रमिते गोरेटोबाटो | वडा नं. ७ | १००००० |
| | आहाल डाडा पोखरी तथा भुमे निर्माण | वडा नं. ७ | २००००० |
| | रूपताड र नगरा खोला पिसिसि पुल | वडा नं. ७ | ६००००० |
| | तिनपाटे पुल निर्माण | वडा नं. ७ | २५०००० |
| | पेगुखोला नगरा मानेडाडा सडक निर्माण | वडा नं. ७ | १५००००० |
| | वाडी पहिरो कुलो निर्माण | वडा नं. ७ | ५५०००० |
| | विपद व्यवस्थापन | वडा नं. ७ | १००००० |
| | दलित महिला जनजाती र महिला स्वम सेवीका प्रोत्साहन | वडा नं. ७ | ६००००० |
| | वडा कार्यालय व्यवस्थापन | वडा नं. ७ | १००००० |
| | ठिडसाड यार्सा दृउदुडा विगुगुम्वा पदमार्ग निर्माण | वडा नं. ७ | ४५०००० |
| | ठिडसाड टेवा ताल पोखरी निर्माण | वडा नं. ७ | ५००००० |
| | मगर बृद्धबृक्ष संघ विहार पुन निर्माण | वडा नं. ७ | ५००००० |
| | किवि तथा सुन्तला खेती कार्यक्रम | वडा नं. ८ | २००००० |
| | माछा पोखरी मर्मत | वडा नं. ८ | १००००० |
| | सुधारियको आरन वितरण | वडा नं. ८ | १५०००० |
| | थामीचागु सडक स्तरोन्ती | वडा नं. ८ | २०००००० |
| | टसी ल्हाड गुम्वा निर्माण | वडा नं. ८ | ४५०००० |
| | सामुदायिक स्वास्थ्य इकाई थामीचागु प्लाष्टर | वडा नं. ८ | ५००००० |
| | शिशु भवन कोलेपा छाना | वडा नं. ८ | २००००० |
| | टार वास्याराड कोलेपा पैदल मार्ग | वडा नं. ८ | १५०००० |
| | ढिकुरे धारा बलिगाउा बेठीखोरिया खानेपानी | वडा नं. ८ | ४००००० |
| | सिमधारा गैरावारी खानेपानी | वडा नं. ८ | ३००००० |
| | फान्द्राड खानेपानी सिरान धारा | वडा नं. ८ | ४००००० |
| | सिलाई बुनाई तालिम महिला | वडा नं. ८ | १५०००० |
| | स्वय सेविका आमासमुह क्षमता अभिबृदि | वडा नं. ८ | १००००० |
| | खेलकुद कार्यक्रम | वडा नं. ८ | १५०००० |
| | जेष्ठ नागरिक सम्मान कार्यक्रम | वडा नं. ८ | १५०००० |
| | जमुना प्रावि ग्याविन जाली | वडा नं. ८ | ३००००० |
| | | | |